www.xtrapapers.com



Diploma Programme
Programme du diplôme
Programa del Diploma

# Nepali A: literature – Higher level – Paper 1
# Népalais A : littérature – Niveau supérieur – Épreuve 1
# Nepalés A: literatura – Nivel superior – Prueba 1

Wednesday 10 May 2017 (afternoon)
Mercredi 10 mai 2017 (après-midi)
Miércoles 10 de mayo de 2017 (tarde)

2 hours / 2 heures / 2 horas

---

**Instructions to candidates**

- Do not open this examination paper until instructed to do so.
- Write a literary commentary on one passage only.
- The maximum mark for this examination paper is **[20 marks]**.

**Instructions destinées aux candidats**

- N’ouvrez pas cette épreuve avant d’y être autorisé(e).
- Rédigez un commentaire littéraire sur un seul des passages.
- Le nombre maximum de points pour cette épreuve d’examen est de **[20 points]**.

**Instrucciones para los alumnos**

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario literario sobre un solo pasaje.
- La puntuación máxima para esta prueba de examen es **[20 puntos]**.



2217 – 0141
© International Baccalaureate Organization 2017

International Baccalaureate
Baccalauréat International
Bachillerato Internacional

www.xtrapapers.com



Blank page
Page vierge
Página en blanco

www.xtrapapers.com



तल दिइएका कुनै **एक**को साहित्यिक टिप्पणी लेख्नुहोस् :

**1.**

भुक्तमानबाट छुटकारा पाउन के गरिनँ, मेरा सबै भगिरथ प्रयत्नहरू भकाभक भड्खारामै परे । भकार बिचमा बसेको चार अक्षरे “स्वाभिमान” ले नै मलाई न कसैले भरौटे बन्न दियो न कसैको भारदार नै । भर्सेलामा परोस् यस्तो स्वाभिमान, जसले जीवनमा भयावह र भद्रगोल मात्र ल्याउने गर्दछ । मलाई के थाहा, प्रजातन्त्र पनि नेपाली भैयाहरूको निम्ति भुक्तमानको भारी भएर आउँदो रहेछ । प्रजातन्त्रका अभिभावकहरू नै अभिमानका ढुंग्रा भएपछि अभियानले जतिसुकै अभिनयको अभिनन्दन गरे पनि अभीष्ट अधुरै रहन्छ । अनि यस्तो बेलामा स्वाभिमान धुरु-धुरु रुनु बाहेक अर्को विकल्प नै के हुन्छ र । स्वाभिमान र अभिमान आखिर यी दुइटै मानको ध्वनि उस्तै-उस्तै लाग्छ तर दुवैको अभिधा लक्षणा वा व्यञ्जना एकदमै फरक छ । बुद्धिमानहरूको खोपडीमा विराजमान हुनुपर्ने यो स्वाभिमानले कसरी भुक्किएर म मूर्खमानलाई मन परायो ? अजब नेपालको सबभन्दा गजब कुरा यही हो । दिग्गजहरू अभिमानले भिजेका छन् । जन अभिमत जे सुकै होस् आफ्नो अभिप्राय अर्कै छ । “म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो” भने भैं भयो । अभ्यन्तरले अभियानको अपेक्षा गरि रहेकालाई प्रारब्धले स्वाभिमान दिँदो रहेछ अनि जो स्वाभिमानको अभिमन्यु खोजिरहेको छ, ऊ भने अभिमानको चक्रव्युहमा फँस्दो रहेछ ।

मुढाको मुख पोल्न भिँजा चाहिन्छ भन्छन् तर मुढाहरू र बुढाहरू तम्सिरहेको देख्दा म मूर्खनाथ छक्क परिरहेको छु । भिँजा खरानी भएर मुढो सल्किएको कुरा गर्नु भयो भने मुढाको स्वाभिमानमा धक्का लाग्छ किनकि स्वाभिमानको रूप बदलिएर हो कि दलिएर हो अहिले अभिमान बनेको छ । पत्यार नलागे बृहद् नेपाली शब्दकोशका नयाँ संस्करण बनारसबाट बजारमा आउनै लागेको छ, आउना साथ पल्टाएर हेर्नु होला । स्वाभिमानी सज्जन बन्नुभन्दा अभिमानी मूर्ख बने वैभवको नाफा हुने जमाना हो यो । निजीकरणको माहोल चलिरहेको नेपाली बजारमा स्वाभिमानको मूल्य कसरी स्थिर हुनसक्छ, अवमूल्य हुँदा-हुँदा अब स्वाभिमान एउटा खोटो मोहर सावित भइसक्यो । मलाई भुक्तमानको भुँमरीमा हाल्ने आफ्नो स्वाभिमान बेचिदिनु पऱ्यो भनी प्लास्टिकको सस्तो भोलामा बोकी फुटपाथ डुल्न थालेको पनि धेरै भयो, अहँ किनिदिने कुनै बुद्धिनाथ फेला पर्दैन । स्वाभिमानको धनी नेपालीहरूलाई अब अभिमान भए पुग्ने भयो । रक्सीको नशा जस्तै रंग लाग्ने अभिमानका अघि बेरङ्गी स्वाभिमानको के मूल्य, के महत्त्व ? अहिलेसम्म स्वाभिमान पोको पारेर हिंड्ने म मूर्खले भुक्तमान नपाएर के पाउँ ?

स्वाभिमानले स्वाधीनताको पक्षपोषण गर्छ, स्वार्थ र स्वाँगलाई स्वाभाविक रूपले तिरस्कार गर्छ । स्वावलम्बन उसको आधार हो । अब भने त्यो आधारमा पनि बाढी-पहिरो लाग्यो तर अभिमान ? अभिमान पराधीनताको प्रतीक, ढोँग र ढकोसला नभई ऊ बाँच्नै सक्दैन । पराश्रयी प्रवृत्तिले दाइँ र रजाइँ गरेको देखेर रमाउने, हेर्दा तामाको जस्तो तर छाम्दा माटाको घैँटो । यो अभिमान बेलाबखत आफै पनि फुट्ने गर्छ । आवश्यकता आविष्कारकी जननी हुन् रे । आजकाल बजारमा सुपर ग्लु प्रशस्त पाइन्छ त्यही ग्लुले टाँसिन्छ बेजोडसँग र फेरि दुरुस्त बनेर हिँडिरहेको छ अभिमान निर्धक्क, बेलगाम, स्वाभिमानका पौरखी हातहरू कुल्चँदै र सिर्जनाका सुन्दर फुलहरू चुँड्दै । मानौं ऊ एउटा जंगली अर्ना हो । उसको निर्दयी आक्रमणले आक्रान्त बनेर मेरो बिक्री नभएको स्वाभिमान सडकमा लम्पसार परेको छ ।

नरनाथ लुइँटेल, *प्रज्ञा निबन्ध-सङ्ग्रह*, २०७० ।

www.xtrapapers.com



**2.**

रातभरि आँसुले नुहाइदिएर
सुकिलो बनाएको जून कहाँ पुगिसक्यो !
कोक्रामा सुताएर तेल घसीघसी
हुर्काएका ताराहरू कहाँ पुगिसके !
फूलै फूलको डोलीमा राखेर
कलिलो बेहुलो जस्तो घामसँगै
अन्माएर पठाएको मोतीचरो पनि
नौ डाँडा काटी कहाँ पुगिसक्यो !
जलदेवी ! जलदेवी ‼
कहाँ हरायौ तिमीले आज
आफ्नो सबैभन्दा प्रिय गीत ?
र किन तिमी यसरी
नदीको शून्य बगरमा उभिएर
पानीले बगाइरहेको आफ्नै छाया
हेरिरहेकी छयौ हरेक दिन ?

थाहै नपाई धूलोमा झरिसकेछन्
शिरमा फुलेका रानीफूलहरू !
निभ्नै लागेछन् अब त
आँखामा बलेका साँझबत्तीहरू !
कसले समयको अदृश्य करौंती चलायो
र यति धेरै चिरा पारेर गयो अनुहारमा ?
शरीरबाट पग्लिएर
झरिसकेछन् हातहरू !
झरिसकेछन् खुट्टाहरू !
झरिसकेछ भुइँमा
मायाले दिएको जालीरुमाल !

जलदेवी ! जलदेवी ‼
नदीको पल्लो किनारमा
सुताएर आएकी थियौ
जूनकिरी जस्ती मायालु छोरीलाई !
उता हेर त !
थाहै नपाई सिरानीमा
कसरी नाच्दै छ हरियो सर्प ?

www.xtrapapers.com



ढाकरमा सुन जस्तो नून
र मट्टितेलको जीवन बोकेका भरिया दाइहरू
आज यो बाटो आउँछन् कि आउँदैनन् ?
झोलामा हीरा जस्तो चिउरा
र सिन्कीको जोवन बोकेका कुनाली दिदीहरू
पिपिरी बजाउँदै आउँछन् कि आउँदैनन् ?
शिरमा भिर जस्तो कर्कटपाता
र पानीको कलकल बोकेका परदेशी मामाहरू
मालसिरी गाउँदै आउँछन् कि आउँदैनन् ?
माथि पहाडबाट परालको भारी बोकेर
आफूजस्तै बूढा गोरूहरूकोबथान धपाउँदै
तराई झरिरहेका खरिते काकाहरू
लौ ! आज यता आउँछन् कि आउँदैनन् ?

विप्लव ढकाल, *च्याउको जङ्गल,* २०७१ ।